# स्वास्थ्य तथा सरसफाइ नीति
# २०८०

नगर कार्यपालिकाको मिति: २०८० ।१० ।२६ गतेको बैठकबाट स्वीकृत

**रोल्पा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**रोल्पा**

रोल्पा नगरपालिका
Rolpa Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
लिबाङ रोल्पा
Libang Rolpa
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

प.सं. २०८०/०८१
च.नं.

मिति :- २०८०/०१/०५

## नगर प्रमुखको मन्तव्य

सङ्घीय लोकतान्त्रिक गणतन्त्रको सुन्दर पक्ष भनेको स्थानीय सरकारको रुपमा रहेका स्थानीय तहहरुले माटो सुहाँउदो नीतिहरु निर्माण गर्न पाउनु हो। यसै क्रममा रोल्पा नगरपालिकाको स्वास्थ्य नीति २०८० तर्जुमा गरि कार्यान्वयन गर्न पाउँदा एकदमै खुशी व्यक्त गर्न चाहन्छु। अहिलेको स्वास्थ्य नीति २०८० ले नगरपालिका भित्र स्वास्थ्य नागरिक उत्पादन गरि समृद्ध रोल्पा नगरपालिकाका निर्माण गर्ने आधार हुनेछ भन्ने विश्वास लिएको छु। संघ सरकार, प्रदेश सरकारले पनि स्वास्थ्य नीतिलाई प्राथमिकतामा राख्दै आएकोमा रोल्पा नगरपालिकाले पनि यसलाई प्राथमिकता दिएर स्वास्थ्य नीति तर्जुमा गरि यहि आर्थिक वर्षमा कार्यान्वयन समेत गर्दैछौं ।

विगतमा हामीले व्यवस्था बदल्यौं अव अवस्था बदल्ने समय रहेको छ । रोल्पा नगरपालिकाको स्वास्थ्य नीतिले स्वास्थ्य क्षेत्रमा देखिने परिवर्तन ल्याउनेछ । समग्र क्षेत्रको विकासको प्रमुख आधार स्वास्थ्य नागरिक भएको कारणले गर्दा अहिले हामीले भोगिरहेका गरिबि, कुपोषण, लैङगिक विभेद, मातृ शिशु मृत्युदर जस्ता समस्याहरु न्यूनिकरण गर्नलाई सहयोग पुग्नेछ । स्वास्थ्य नीतिको कारणले गर्दा हाम्रा आगामी बजेट तथा कार्यक्रममा स्वास्थ्य क्षेत्रका कार्यक्रमहरुले प्राथमिकता पाउने छन् ।

रोल्पा नगरपालिकाले आफ्नो स्वास्थ्य नीति तयार गर्न आर्थिक तथा प्राविधिक सहयोग गर्ने UNFPA परिवार, रोल्पा नगरपालिकाका सम्पूर्ण जनप्रतिनिधि र कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु ।

-----------------------

सुरेन्द्र थापा(घर्ती)

नगर प्रमुख

Toll Free No. +977-16608644555, Phone No: 086440071, 086-440372
Email: rolpanagarpalika@gmail.com, Web: www.rolpamun.gov.np

रोल्पा नगरपालिका
Rolpa Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
लिबाङ रोल्पा
Libang, Rolpa
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

प.सं. २०८०/०८१ मिति :- २०८०/०९/०५
च.नं.

## नगर उप-प्रमुख श्री गिता आचार्यको मन्तव्य

रोल्पा नगरपालिकाले रोल्पा नगरपालिकाको स्वास्थ्य नीति २०८० निर्माण गरेकोमा खुशी व्यक्त गर्न चाहन्छु । रोल्पा नगरपालिकाले स्वास्थ्यको क्षेत्रमा उल्लेखनिय राम्रो काम गरिरहेको भए पनि स्वास्थ्य नीति नभएको कारण नीतिगत समस्या परिरहेकोमा स्वास्थ्य नीति २०८० ले नगरपालिकामा आगामि दिनमा यस्ता समस्याहरु समाधान गर्न सहयोग पर्याउने छ । सुशासन निर्माणमा नीतिने महत्वपुर्ण भुमिका खल्दै आइरहरहेको छ त्यसैले अहिले निर्माण भएको स्वास्थ्य नीति २०८० ले नगरपालिकामा स्वास्थ्य सेवा प्रवाहलाई अझ व्यवस्थित बनाइ नगरपालिकाको सुशासन निर्माणमा महत्वपुर्ण सहयोग पुर्याउने छ भन्ने विश्वास व्यक्त गर्न चाहन्छु ।

रोल्पा नगरपालिकाले आ.व.२०८०/०८१ को नीति तथा कार्यक्रममा स्वास्थ्य नीति तर्जुमा गरि कार्यान्वयनमा ल्याउने उल्लेख गरे बमोजिम स्वास्थ्य नीति २०८० तर्जुमा गरि यहि आर्थिक वर्षबाट कार्यान्वयनमा ल्याउदैछौं। नेपालको संविधानको धारा ३५ मा उल्लेख गरेको स्वास्थ्य सम्बन्धि हकलाई रोल्पा नगरपालिकाको स्वास्थ्य नीति २०८० ले कार्यान्वयन गरि स्थानीय सरकारको उपस्थितिलाई नगरवासि सामु सशक्त बनाउने छ भन्ने विश्वास व्यक्त गर्न चाहन्छु । रोल्पा नगरपालिकाको स्वास्थ्य नीति रोल्पा नगरपालिकाको समग्र स्वास्थ्य अवस्था चिहाउने दत्त्वतावेज हुनेछ भने आगामि आर्थिक वर्षहरुमा स्वास्थ्य सम्बन्धि कार्यक्रमहरु बनाउन मार्गदर्शन हुनेछ । हामीले चुनावको घोषणा पत्रमा पनि सर्वसुलभ र गुणस्तरिय स्वास्थ्य सेवा नगरवासि माझ पुर्याउने प्रतिबद्धता बमोजिम यत्त स्वास्थ्य नीति निर्माण गरि कार्यान्वयन गर्न लागेका हौं। रोल्पा नगरपालिका भित्रका नगरबासिहरुको स्वास्थ्य सम्बन्धि माग र आवश्यकताहरुलाई पहिचान गरि गुणस्तरिय स्वास्थ्य सेवा उपलब्ध गराउने हाम्रो प्रयास हुनेछ। अवको दिनमा स्वास्थ्य नागरिक उत्पादन गरि स्वास्थ्य क्षेत्रमा नमुना नगरपालिका बनाउन रोल्पा नगरपालिकाको स्वास्थ्य नीति २०८० प्रमुख आधार हुनेछ ।

रोल्पा नगरपालिकाको स्वास्थ्य नीति २०८० निर्माण गर्नलाई आर्थिक तथा प्राविधिक सहयोग गर्ने संस्था UNFPA, कन्मलव्यान्ट, रोल्पा नगरपानिका जनप्रतिनिधिहरु, सम्पुर्ण कर्मचारीहरुलाई धन्यवाद दिन चाहन्छु ।

---------------

गिता आचार्य

नगर उप-प्रमुख

प.सं. २०८०/०८१
च.नं.

मिति :- २०८०/०९/०३

## स्वास्थ्य शाखा प्रमुखको मन्तव्य

रोल्पा नगरपालिकाको समृद्ध रोल्पा सुखि रोल्पालिको दिर्घकालिन सोच र दिगो विकास लक्ष्य हासिल गर्न स्वास्थ्य क्षेत्रको सुधार गर्नुपर्ने हुन्छ । स्वास्थ्य मानव जीवन यापनको लागि स्वास्थ्य क्षेत्रमा लगानि बढाउन अति आवश्यक देखिन्छ सोको लागि तिनै तहका सरकारी भुमिका अत्यन्तै महत्पुर्ण छ ।

रोल्पा नगरपालिकामा गरिबि, अशिक्षा, लैङगिक विभेद र भौगोलिक विकटताले गर्दा स्वास्थ्य क्षेत्रमा असर गरिरहेको छ। यस्ता समस्याहरु बाट छुटकारा पाउन तिनै तहका सरकारले आफ्नो नीति, योजना, कार्यक्रम र बजेटमा प्राथमिकतामा राखि कार्यान्वयन गर्नुपर्ने हुन्छ ।

यस सन्दर्भमा रोल्पा नगरपालिकाले आफ्नो स्वास्थ्य नीति तयार गर्न लागेको छ। यस स्वास्थ्य नीति तयार गर्नमा महत्वपुर्ण सल्लाह सुझाव दिनुहुने नगर प्रमुख, नगर उप-प्रमुख, नगर कार्यपालिका सदस्यहरु, स्वास्थ्य कार्यालय रोल्पाका प्रमुख, रोल्पा अस्पताल प्रमुख, ग्लँएब रोल्पाका संयोजकलाई धन्यवाद दिन चाहन्छु। साथै समग्र रोल्पा नगरपालिकाको स्वास्थ्य नीति तयार गर्न आर्थिक तथा प्राविधिक सहयोग गर्ने ग्लँएब लाई विशेष धन्यवाद दिन चाहन्छु ।

टंक बहादुर गिरी
स्वास्थ्य शाखा प्रमुख

## १. पृष्ठभूमि

नेपालको संविधान-२०७२ ले नागरिकको मौलिक हकका रूपमा निःशुल्क आधारभूत र आकस्मिक स्वास्थ्य सेवा प्राप्त गर्ने र आफ्नो स्वास्थ्योपचारका सम्बन्धमा जानकारी पाउने व्यवस्था गरेको छ। संविधान र स्थानीय सरकार सञ्चालन ऐन-२०७४ मा लिपिबद्ध स्वास्थ्य सम्बन्धी स्थानीय तहका काम, कर्तव्य र अधिकार, राष्ट्रिय स्वास्थ्य नीति-२०७६, प्रदेश स्वास्थ्य नीति-२०७७, लुम्बिनी प्रदेश स्वास्थ्यसँग सम्बन्धित नेपाल सरकार र प्रदेश सरकारका नीति तथा कार्यक्रमहरू, नेपालले गरेका अन्तर्राष्ट्रिय प्रतिबद्धताहरू एवम् रोल्पा नगरपालिकाको पाँच बर्षे आवधिक नगर विकास योजना आ.व. (२०७८/७९– २०८३/८४) अनुरूप नगरपालिका क्षेत्रमा स्वास्थ्य सम्बन्धी समस्या र चुनौतीहरू, आवश्यकता र प्राथमिकताहरू, उपलब्ध स्रोतसाधन र अवस्थालाई समेत आधार बनाई सङ्घीय संरचनामा नगरपालिकाको स्वास्थ्य प्रणाली सुदृढ गर्दै स्वास्थ्य प्रवर्द्धन, संरक्षण र सुधार गरी नागरिकको स्वस्थ र गुणस्तरीय जीवनका लागि रोल्पा नगरपालिकाले स्वास्थ्य तथा सरसफाइ नीति-२०८० तर्जुमा गरी जारी गरेको छ।

## २. नीतिगत सन्दर्भ

संविधान जारी भइसकेपश्चात् आधारभूत स्वास्थ्य सेवा तथा सरसफाइलगायत स्वास्थ्यसँग सम्बन्धित विभिन्न काम, कर्तव्य तथा अधिकार स्थानीय तहलाई रहेको छ। सीमित स्रोतसाधनको उपलब्धताकै बिचमा नगरपालिकाले सबै नगरबासीलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनुपर्ने अवस्था रहेको छ। राष्ट्रिय स्वास्थ्य नीति-२०७६ ले सङ्घीय संरचनाअनुसार स्वास्थ्य प्रणालीको विकास र विस्तार गर्ने, गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्ने, स्वास्थ्य सेवालाई एकीकृत रूपमा विकास गर्ने, स्वास्थ्य क्षेत्रमा सरकारी, निजी तथा गैरसरकारी क्षेत्रबिच सहकारी र साझेदारी प्रवर्द्धन गर्नेलगायतका उद्देश्य र नीति लिएको छ। नेपालको संविधान, कानुन र नीतिअनुरूप स्वास्थ्य प्रणालीको विकास र विस्तारका लागि तीन वटै तहका सरकारबाट प्रयास भइरहेको छ, तर त्यसअनुरूप गर्नुपर्ने थुप्रै कामहरू बाँकी छन्। नेपालको स्वास्थ्य क्षेत्रमा उल्लेखनीय उपलब्धीहरू भएका छन्, तर सँगसँगै नवीनतम स्वास्थ्य चुनौतीहरू पनि विद्यमान छन्। ती उपलब्धीलाई जोगाउँदै जनस्वास्थ्यका नवीनतम् चुनौतीको सामना गर्दै  अवसरहरूको प्रयोग गर्नु सबै तहका सरकारहरूको दायित्व रहेको छ।

लुम्बिनी प्रदेशको स्वास्थ्य नीति-२०७७ ले समेत समतामूलक एवम् सुदृढ स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट गुणस्तरीय स्वास्थ्य सेवामा सबैको पहुँच वृद्धि गरी नागरिकको स्वाथ्य अवस्थामा उच्चतम् सुधार ल्याउने लक्ष्य लिएको छ।

रोल्पा नगरपालिकाले नागरिकलाई सहज र सर्वसुलभ रूपमा आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउन नियमित स्वास्थ्य कार्यक्रमका साथै नवीनतम् प्रयाससमेत गर्दै आइरहेको छ। नगरवासीको आधारभूत स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्न तथा स्वास्थ्य क्षेत्रमा गरेका उपलब्धीहरूलाई प्रवर्द्धन गर्दै आगामी दिनहरूमा तथ्यमा आधारित योजना निर्माण गरी वैधानिकता प्रदान गर्नका लागि नगरपालिकाले स्वास्थ्यको वस्तुस्थिति झल्कने गरी स्वास्थ्य पार्श्वचित्र समेत तयार गरिसकेको छ।

वडासम्म स्वास्थ्य संरचनाको विस्तार तथा गुणस्तरीय सेवाप्रवाहका लागि सङ्घ तथ प्रदेशसँग सहकार्य भइरहेको छ। नगरपालिकाले विशेष गरी सेवाबाट बञ्चितीकरणमा परेका गरिब, लक्षित उमेर समूह, शारीरिक तथा मानसिक रूपमा अशक्त नागरिकहरूमा आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्रदान गरिँदै आएको छ, तापनि सेवाको पहुँचमा असमानता विद्यमान छ। नगरपालिकाको आवधिक योजनाअनुरूप र प्रत्येक वर्षको मध्यकालीन खर्चको खाकाअनुसार विषयगत नीति विश्लेषणसमेत गर्नुपर्ने भएकाले पनि स्वास्थ्य नीतिको अपरिहार्यता बोध भएको हो।

**३. विद्यमान स्थितिः**

राष्ट्रिय जनगणना-२०७८ अनुसार यस नगरपालिकाको जनसङ्ख्या ३५,३७६ रहेको छ। जम्मा घरधुरी सङ्ख्या ८,७४५ रहेको छ भने औषतमा प्रतिघरधुरी चारजना बसोवास गर्छन्। यस नगरपालिकामा १० वटा वडाहरू रहेका छन्। नगरपालिकाभित्र स्वास्थ्य सेवा प्रवाह गर्न आ व २०७९/८० का लागि प्रक्षेपण (एच.एम.आइ.एस.बाट) गरिएको जनसङ्ख्या .३७००२ .छ। जसमध्ये १ वर्षमुनिका बालबालिकाको सङ्ख्या ७१५ रहेको छ भने ५ वर्षमुनिका बालबालिकाको सङ्ख्या ३६३९ रहेको छ। त्यस्तै १० वर्ष देखि १९ वर्षसम्मका किशोरकिशोरीको सङ्ख्या ७४४२ छ। १५ देखि ४९ वर्षका प्रजनन् उमेरका महिलाहरूको सङ्ख्या १०३७७ रहेको छ। नगरपालिकामा अनुमानित गर्भवती महिलाहरूको सङ्ख्या ९३६ छ र अनुमानित जीवित जन्मने बच्चाहरूको सङ्ख्या ७४२ जना छ। त्यस्तै ६० वर्ष माथिका व्यक्तिहरूको सङ्ख्या १०४६ रहेको देखिन्छ। करिब १८ प्रतिशत बालबालिकाहरूको जन्मदर्ता भएको छैन भने अपाङ्गता भएका व्यक्तिहरू ५ प्रतिशत छन्।

नगरपालिकाको आवधिक योजनाअनुसार नगरपालिकाभित्र ३० मिनेटको यात्रामा स्वास्थ्य संस्थाको पहुँचमा भएको जनसङ्ख्या करिब ७५ प्रतिशत रहेको छ। तर अपाङ्गता भएका वा अशक्तहरूको लागि पहुँच कम हुनसक्छ। नेपालमा ३० मिनेटको यात्रामा स्वास्थ्य संस्थाको पहुँचमा भएको जनसङ्ख्या ७७ प्रतिशत छ। (स्रोतः नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०२२) नेपालको दीगो विकास लक्ष्य २०३० मा उक्त जनसङ्ख्या ९० प्रतिशत पुर्‍याउने राष्ट्रिय लक्ष्य रहेको छ। यस नगरपालिकाको तथ्याङ्क अनुसार नगरबासीको स्वास्थ्यको पहुँच सन्तोषजनक भए पनि बालबालिकामा कुपोषणको समस्या टड्कारो देखिन्छ। नगरपालिकामा २५०० ग्रामभन्दा कम जन्मतौल भएका शिशुहरू

४१ जना छन् भने करिब ३ प्रतिशत बालबालिका शिघ्र कुपोषणबाट ग्रसित छन् । उच्च दरको (प्रति हजार ८०५) झाडापखालाको सङ्क्रमण दर तथा श्वासप्रश्वासको सङ्क्रमण दर प्रतिहजार ९५३ हुनुले नगरपालिकामा स्वास्थ्य क्षेत्र प्राथमिकतामा रहनुपर्ने यथार्थता दर्साउँछ।

नगरपालिका भित्र लुम्बिनी प्रदेश मातहतको स्वास्थ्य कार्यालय, ५० शैयाको रोल्पा अस्पताल, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र विद्यमान रहेका छन् । रोल्पा नगरपालिकाको मातहतमा ७ वटा स्वास्थ्य चौकी, ३ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र, ५ वटा सहरी स्वास्थ्य केन्द्र, केही निजी स्वास्थ्य सेवा प्रदायक र टी.बी. उपचार केन्द्र ७ रहेका छन् । रोल्पा अस्पतालबाहेक ७ स्वास्थ्य संस्थाहरू वडा नं. २, ३, ४, ५, ६, ८, ९ र १० मा सुरक्षित प्रसुति केन्द्रहरू छन् । यसका अलावा २३ गाउँघर क्लिनिक, ३० खोप केन्द्र र ६३ जना महिला स्वास्थ्य स्वयंसेविकाहरूद्वारा नियमित रूपमा स्वास्थ्य सेवा प्रवाह भइरहेको छ। यसैगरी रोल्पा नगरपालिकाका कोटगाउँ स्वास्थ्य चौकीमा प्रयोगशाला सेवासमेत सञ्चालनमा रहेको छ । किशोर किशोरीमैत्री सेवा उपलब्ध भएका संस्थाहरू ४, सुरक्षित गर्भपतन सेवा २ वटा स्वास्थ्य संस्थाबाट र सबै वडामा मातृशिशु स्वास्थ्य, परिवार नियोजन, खोप, सामान्य जाँच र उपचार लगायतका स्वास्थ्य सुविधा उपलब्ध छन् भने अस्पतालमा प्रसूति सेवालगायत बहिरङ्ग (ओपीडी), सामान्य शल्यक्रिया (अपरेसन), एक्स रे, ल्याबको पनि सुविधा उपलब्ध छ।

## ४. समस्या, चुनौती र अवसर

### ४.१ समस्याहरू

**स्वास्थ्य सेवा प्रवाह**

नगरपालिकामा ५ वर्षमुनिका बालबालिकाको मृत्यु भएको पाइएको छ । नगरपालिका कुपोषणमुक्त नभइसकेको अवस्था छ। बालविवाहको अवस्था उच्च रहेको छ। किशोर किशोरीमैत्री प्रजनन् स्वास्थ्य सेवाको पहुँच सबै स्वास्थ्य संस्थामा पुऱ्याउनुछ । बालविवाहका कारण किशोरीहरू गर्भवती हुने र बच्चा जन्माउने गरेको पाइएको छ। किशोरकिशोरीहरूको यौन तथा प्रजनन् स्वास्थ्यका समस्या समयमै पहिचान गर्न नसकिएको, विद्यालय जाने उमेरका बालबालिकाको स्वास्थ्य प्रवर्द्धनका लागि उचित स्वास्थ्य सेवाको व्यवस्था हुन सकेको छैन।

सुरक्षित मातृत्व सेवा (निर्देशिका अनुसार गर्भवती जाँच, सुत्केरी सेवा तथा उत्तर प्रसूति जाँच) लक्ष्यअनुसार नतिजा प्राप्त हुन सकेको छैन । यौन तथा प्रजनन् स्वास्थ्यको विश्वव्यापी पहुँच पुऱ्याउन जरुरी छ।

**स्वास्थ्य सेवाको पहुँच**

रोल्पा नगरपालिकामा सबै वडामा स्वास्थ्य संस्था रहे पनि वडा नं. ५, ८, ९ र १० मा ३०

मिनेटको यात्रामा आधारभूत स्वास्थ्य सेवाको पहुँच अभिबृद्धि गर्न थप व्यवस्थापन गर्नुपर्नेछ। वडा नं. १ र ७ मा बर्थिङ सेन्टर स्थापना गर्नुपर्नेछ। यौन तथा प्रजनन् स्वास्थ्य सेवाको उपभोग कम रहेको छ। सेवाको आवश्यकता भएका दम्पत्तिहरूलाई सेवाको पहुँचमा ल्याउन सकिएको छैन। नगरपालिकामा मानिसहरूको अव्यवस्थित जीवनशैली र अस्वस्थकर खानपानका कारण नसर्ने खालका रोगहरू जस्तैः क्यान्सर, मुटु, मिर्गौला, मधुमेह, श्वासप्रश्वास सम्बन्धी रोग, दाँतको रोग, मानसिक रोगहरू समेत बढिरहेको अवस्था छ। दुर्घटना तथा समय समयमा आउने प्रकोप, स्वास्थ्य सम्बन्धी महामारी तथा सरुवा रोगहरू विद्यमान छन्। फोहोरमैलाको उचित व्यवस्थापन, ढल निकास, सुरक्षित पिउने पानीको व्यवस्थापन गर्नुपर्नेछ। चुरोट, रक्सी तथा लागु औषध दुर्व्यसन नियन्त्रणमा ल्याउनुपर्ने अवस्था छ।

यसैगरी नगरपालिकामा मानिसहरूमा नैराश्यता तथा मानसिक समस्याले पछिल्लो समय आत्महत्याका घटनासमेत बढिरहेका छन्। ज्येष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरूको स्वास्थ्य उपचारको पहुँचमा थप बृद्धि गर्नुपर्ने अवस्था रहेको छ। नगरपालिकाभित्र अवस्थित लुम्बिनी प्रदेश सरकार मातहतको रोल्पा अस्पतालसँग यथेष्ट सहकार्य गर्न जरुरी छ। नगरपालिका भित्र सञ्चालित निजी स्वास्थ्य संस्था तथा क्लिनिकहरूलाई अनुगमन तथा नियमन गरी निःशुल्क आधारभूत स्वास्थ्य सेवामा सामाजिक उत्तरदायित्व बहन गर्नका लागि उत्प्रेरित गर्न जरुरी देखिएको छ।

**स्वास्थ्य जनशक्ति व्यवस्थापन**

स्वास्थ्यकर्मीहरूलाई प्रोत्साहन र जवाफदेही बनाउन आवश्यक छ। नगरपालिकाका स्वास्थ्य संस्थाहरूमा स्वास्थ्य जनशक्तिहरूका लागि समयानुकूल समुचित र उत्साहप्रद रूपमा काम गर्ने वातावरण सिर्जना गर्न थप पहल गर्नुपर्ने देखिन्छ।

**स्वास्थ्य क्षेत्रमा लगानी**

स्वास्थ्य क्षेत्रमा नगरपालिकाको लगानी बृद्धि गर्नुपर्ने आवश्यकता रहेको छ। नगरपालिका भित्र रहेका गरिब, असहाय, सेवाको पहुँचबाट टाढा रहेका नागरिकहरूका लागि स्वास्थ्य उपचार महङ्गो पर्न गएको छ। अझ गम्भीर प्रकृतिका रोग लागेमा उपचार महङ्गो भई सरकारले उपलब्ध गराउने विपन्न सहुलियतले पनि नपुग भई परिवार नै गम्भीर आर्थिक जोखिममा परी गरिबीमा जाने वा उपचार सेवा प्राप्त गर्न नसकी घरैमा मृत्युवरण गर्नुपरेको अवस्था पनि रहेको छ। लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकहरू स्वास्थ्य सेवाको पहुँचमा आउन सकेका छैनन्।

**औषधी तथा प्रविधि**

निःशुल्क रूपमा उपलब्ध गराउनुपर्ने र स्वास्थ्य बिमामा समावेश गरिएका औषधीहरूको

अविछिन्न आपूर्ति गराउन सकिएको छैन। निःशुल्क तथा बिमाबाट उपलब्ध हुने औषधीहरूको सङ्ख्या थप गर्नुपर्नेछ।

**स्वास्थ्य सूचना प्रणाली**

स्वास्थ्य क्षेत्रमा भएको लगानीको सदुपयोग, नागरिकले पाएका स्वास्थ्य सेवा र ऐन नियम कार्यान्वयनका सम्बन्धमा नियमित र प्रभावकारी अनुगमनको विधि पूर्ण रूपमा अभिलेखीकरण र संस्थागत हुन सकेको छैन।

**नेतृत्व र सुशासन**

स्वास्थ्य क्षेत्रलाई उच्च प्राथमिकतामा राखी विभिन्न औजारहरू (पारदर्शिता, सामाजिक परिचालन, नागरिक बडापत्र, सार्वजनिक सुनुवाइ र नागरिकका गुनासाहरू सुन्ने तौरतरिका)को उपयोग गरी स्वास्थ्य क्षेत्रमा सफल नेतृत्व र सुशासन अभिवृद्धि गर्नुपर्ने देखिन्छ।

४.२ **चुनौतीहरू**

स्रोत र साधनको सीमितताका कारण आधारभूत स्वास्थ्य सम्बन्धी अधिकारको समुचित व्यवस्था मिलाउन र आकस्मिक स्वास्थ्य सेवाको विस्तार र विकास गरी पहुँच वृद्धि गर्न तथा मातृ र बालमृत्युदर घटाउने कार्य नगरपालिका परिवेशमा चुनौतीपूर्ण रहेको छ। प्राकृतिक प्रकोप र महामारीका बखत समयमै पर्याप्त औषधी उपकरण पुऱ्याउन र सेवाको पहुँच कम भएका क्षेत्रमा बसोवास गर्ने नागरिकलाई तोकिएको समयमा औषधी उपलब्ध गराउनु र यसको नियमन गर्नुपर्ने चुनौती छ। नवजात शिशु, बाल तथा मातृमृत्युलाई वाञ्छित तहसम्म घटाउनु, बढ्दै गएको नसर्ने रोगको प्रकोप नियन्त्रण गर्नु र कुनै पनि बेला हुन सक्ने स्वास्थ्य सम्बन्धी विपद् व्यवस्थापन तत्काल गर्नु, ज्येष्ठ नागरिक, शारीरिक र मानसिक अपाङ्गता भएका, एकल महिला, खासगरी गरिब, सीमान्तकृत र जोखिममा रहेका समुदायलाई आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवा सर्वसुलभ र पहुँचयोग्य बनाउने चुनौती विद्यमान छ।

४.३ **अवसरहरू**

- संविधानतः सङ्घीय शासन प्रणालीमा आधारभूत स्वास्थ्य तथा सरसफाइ लगायत स्वास्थ्य सम्बन्धी विभिन्न अधिकार स्थानीय तहमा रहेको तथा आफ्नो अधिकार क्षेत्रका विषयमा नीति, कानुन, योजना तर्जुमा र कार्यान्वयको समेत अधिकार रहेको सन्दर्भमा स्थानीय आवश्यकता र चुनौतीलाई सम्बोधन गर्ने गरी स्वास्थ्य सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन गर्ने अवसर प्राप्त भएको छ।
- नगरपालिका क्षेत्रभित्र ५० शैयाको प्रदेश सरकार मातहत रहेको

रोल्पा अस्पतालले विशिष्टिकृत सेवा प्रदान गरिरहेको साथै नगरपालिकाका बासिन्दाहरूले अधिकतम् उपयोग गरिरहेका छन् ।

- नगरपालिकाभित्रका सामाजिक, सांस्कृतिक तथा भौगोलिक विशिष्टताका आधारमा स्वास्थ्य क्षेत्रलाई सहयोग हुने नीति तथा योजनाहरू निर्माण गरी कार्यान्वयन भइरहेका छन् ।
- नगरपालिकामा स्वास्थ्य सेवाको समानुपातिक वितरण, पहुँच र उपभोग बढाउन स्वास्थ्य क्षेत्रमा निजी तथा गैरसरकारी क्षेत्रसँगको साझेदारीलाई सदुपयोग गर्न सकिने अवस्था छ।
- स्वास्थ्य क्षेत्रमा आधुनिक प्रविधिको पहुँचमा वृद्धि, एकीकृत सूचना प्रणालीलाई सुदृढीकरण गर्न सकिने अवसर छ।

## ५. निर्देशक सिद्धान्त, भावी सोच, ध्येय, लक्ष्य तथा उद्देश्यहरू

### ५.१ निर्देशक सिद्धान्त

- गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा सर्वव्यापी पहुँच
- समतामूलक र सामाजिक न्यायमा आधारित स्वास्थ्य सेवा
- सार्वजनिक निजी साझेदारी
- तथ्यमा आधारित योजना, पर्याप्त लगानी र कुशल व्यवस्थापन
- सुशासन, जवाफदेहिता र नागरिकको सहभागिता
- बहुक्षेत्रीय समन्वय र सहकार्य
- नवीन दृष्टिकोण र सिर्जनात्मकता

### ५.२ भावी सोच (Vision)

शारीरिक, मानसिक, सामाजिक र संवेगात्मक रूपमा स्वस्थ, उत्पादनशील र खुशी नगरबासी ।

### ५.३ ध्येय (Mission)

गुणस्तरीय स्वास्थ्य सेवाको सहज पहुँचबाट सबै नगरबासीहरूको स्वस्थ रहन पाउने मौलिक अधिकारको सुनिश्चित गर्ने ।

## ५.४ लक्ष्य (Goal)

सबल स्वास्थ्य प्रणालीमार्फत समतामूलक रूपमा सबै नगरबासीलाई गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच र उपभोग सुनिश्चित गर्ने ।

## ५.५ उद्देश्यहरू (Objectives)

(क) संविधान प्रदत्त नागरिकको मौलिक अधिकार आधारभूत स्वास्थ्य सेवामा पहुँच र उपभोगमा अभिवृद्धिका लागि नगरपालिकाका सबै वडामा स्वास्थ्य सेवाहरूको सन्तुलित विकास र विस्तार गर्ने ।

(ख) सङ्घ तथा प्रदेश सरकार, स्वास्थ्य सेवाप्रदायक र सरोकारवालाहरूबिच समन्वय र रणनीतिक सहकार्य गर्ने ।

(ग) सङ्घीय संरचना अनुरूप नगरपालिकाका मातहतका सबै स्वास्थ्य संस्थाहरूबाट गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने गरी आवश्यक औषधी, उपकरण, प्रविधि र दक्ष जनशक्ति सहितको प्रभावकारी एवम् जवाफदेहीपूर्ण स्वास्थ्य सेवा प्रणालीको स्थापना गर्ने ।

(घ) स्वस्थ जीवनशैली, सरसफाइ, व्यवहार परिवर्तन र प्रभावकारी स्वास्थ्य सेवामार्फत नगरबासीको स्वास्थ्य प्रवर्द्धन गर्ने ।

(ङ) स्वास्थ्य क्षेत्रको आवश्यकता पहिचान, योजना तर्जुमा, व्यवस्थापन र अनुगमनमा जनसहभागिता सुनिश्चित गर्ने ।

(च) स्वास्थ्य सेवा प्रवाहमा सरकारी, गैरसरकारी तथा निजी क्षेत्रसँग बहुपक्षीय साझेदारी तथा सहकार्य एवमूं सामुदायिक सहभागिता प्रवर्द्धन गर्ने ।

## ६. नीतिहरू

जनस्वास्थ्यलाई उच्च प्राथमिकतामा राखी नगरपालिकामा सञ्चालित स्वास्थ्य संस्थाहरूको क्षमता अभिवृद्धि गर्दै नयाँ स्वास्थ्य संस्थाहरू स्थापना र सञ्चालन गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न नगरपालिकाको स्वास्थ्य अवस्था सुहाउँदो भौगोलिक, सामाजिक, सांस्कृतिक तथा स्वास्थ्य सेवाका समस्या र चुनौतीहरूलाई सम्बोधन गर्न नगरपालिकाले देहायका नीतिहरू अवलम्बन गरेको छ :

६.१ बाल स्वास्थ्य, खोप, यौन तथा प्रजनन स्वास्थ्य अधिकार, सुरक्षित मातृत्व, परिवार नियोजन, सुरक्षित गर्भपतन, मानसिक स्वास्थ्य लगायतका प्रवर्धनात्मक र प्रतिकारात्मक स्वास्थ्य सेवालाई प्राथमिकतामा राखि नगरबासीलाई निःशुल्क आधारभूत तथा आकस्मिक

स्वास्थ्य सेवाको सहज पहुँचमा पुऱ्याउने रणनीति अवलम्बन गरिनेछ ।

६.२ नगरबासीहरूको विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई सुनिश्चित गर्न न्युनतम् सेवा मापदण्ड लागू गर्दै नेपाल सरकार तथा लुम्बिनी प्रदेश सरकार मातहतका अस्पतालहरूसँगको सहकार्यमा स्वास्थ्य सेवाको विस्तार गरिनेछ।

६.३ नगरबासीलाई सकारात्मक जीवनशैली अपनाउन कर्तव्यबोध गराउँदै नसर्ने रोगको जोखिम कम गर्न र उपचार गर्नका लागि समुदाय स्तरदेखि नै रणनैतिक व्यवस्थापन गरिनेछ।

६.४ स्वास्थ्य सेवालाई सहज, सर्वसुलभ र प्रभावकारी बनाउन जनसङ्ख्या र भूगोलका आधारमा थप स्वास्थ्य संस्थाहरू स्थापना गरी स्वास्थ्य प्रणालीलाई थप प्रभावकारी बनाइनेछ।

६.५ जनस्वास्थ्यको संरक्षण र प्रवर्द्धन गर्नका लागि प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनःस्थापनात्मक, प्रशामक सेवाको विकास तथा विस्तार गरी स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुऱ्याइनेछ।

६.६ स्वास्थ्य संस्थाहरूको वैज्ञानिक तवरले सङ्गठनात्मक तथा व्यवस्थापन सर्वेक्षण गरी माग र आपूर्तिका आधारमा स्वास्थ्य जनशक्तिको उचित व्यवस्थापन गरिनेछ।

६.७ आयुर्वेद, प्राकृतिक चिकित्सा लगायत अन्य वैकल्पिक चिकित्सा पद्धतिलाई समेत प्रवर्द्धन र व्यवस्थित गरिनेछ।

६.८ स्वास्थ्य सेवा प्रणालीलाई सबल, सक्षम र सुदृढ बनाउन समयानुकूल प्रविधिमैत्री बनाउँदै लगिनेछ।

६. ९ स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी बनाउँदै नागरिकको स्वास्थ्योपचारमा पर्ने व्यक्तिगत व्ययभार कम गरिनेछ।

६. १० सरकारी तथा निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने व्यवस्था मिलाइनेछ।

६.११ कीटजन्य, सङ्क्रामकलगायतका रोगहरूको रोकथाम, नियन्त्रण, निवारण र महामारी नियन्त्रण तथा स्वास्थ्य सङ्कट एवम् विपद् व्यवस्थापनका लागि साझेदारहरूसँगको समन्वयमा योजना बनाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

६.१२ मानसिक स्वास्थ्य सेवामा सबैको सहज, सुलभ, समावेशी र समान पहुँच सुनिश्चत गर्न मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवालाई आधारभूत स्वास्थ्य सेवामा एकीकृत गरी विशिष्टिकृत मानसिक स्वास्थ्य सेवालाई व्यवस्थित रूपमा उपलब्ध

गराइनेछ।

६.१३ स्वास्थ्य क्षेत्रमा नगरपालिकाको लगानी वृद्धि गर्दै सङ्घ, प्रदेश तथा अन्य क्षेत्रको लगानीलाई व्यवस्थित गरी स्वास्थ्य सेवामा जनताले व्यक्तिगत खर्च गर्नुपर्ने अवस्थालाई न्यूनिकरण गर्दै लगिनेछ।

६.१४ स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्न स्वास्थ्य सेवालाई गुणस्तरीय, जनमुखी एवम् परिणाममुखी बनाउँदै लगिनेछ।

६.१५ स्थानीय स्तरमा उत्पादन हुने (रैथाने) खाद्यवस्तुलाई प्रवर्द्धन गर्दै नगरबासीको पोषण अवस्था सुधार गर्न गुणस्तरीय, स्वस्थ र पौष्टिक खानाको पहुँच र उपभोगमा वृद्धि गरिनेछ।

६. १६ फोहरमैलाको उचित व्यवस्थापन, वातावरणीय स्वास्थ्य सरसफाइ प्रवर्द्धन गरी जनस्वास्थ्यमा पर्ने प्रतिकूल असरहरूलाई न्यूनिकरण गर्दै लगिनेछ।

७.१७. स्वास्थ्य सूचना प्रणालीको सुदृढीकरण र स्वास्थ्य अनुसन्धान प्रवर्द्धन गर्दै सोबाट प्राप्त निष्कर्षका आधारमा स्वास्थ्य क्षेत्रको नीति, रणनीति र योजनालाई थप परिमार्जन गर्दै लगिनेछ।

## ७. नीति अन्तर्गतका रणनीतिहरू

**नीति** ७.१ बाल स्वास्थ्य, खोप, किशोरावस्थाको प्रजनन् स्वास्थ्य, सुरक्षित मातृत्व, परिवार नियोजन, सुरक्षित गर्भपतन, मानसिक स्वास्थ्य लगायतका प्रवर्धनात्मक र प्रतिकारात्मक स्वास्थ्य सेवालाई प्राथमिकतामा राखि नगरबासीलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको सहज पहुँचमा पुऱ्याउने रणनीति अवलम्बन गरिनेछ ।

७.१.१ पूर्ण खोप अभियान, नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापनलाई थप सुदृढ गर्दै यसको प्रभावकारी कार्यान्वयन गरिनेछ।

७.१.२ सरसफाइ र पोषणयुक्त खानेकुरामा जनचेतनाको अभिवृद्धि गरी बालबालिकामा कुपोषण र रोग लाग्ने दरलाई घटाउन पहल गरिनेछ।

७.१.३ बाालविवाह न्यूनिकरण, उपयुक्त जन्मान्तर, परिवार नियोजन, मातृशिशु कल्याणका बारेमा सम्बन्धित वडा र स्वास्थ्य संस्थाहरू, स्वास्थ्य आमा समूह आदिमार्फत गाउँ टोलमा नियमित प्रवर्धनात्मक सचेतनामूलक अभियान सञ्चालन गरिनेछ।

७.१.४ पूर्ण गर्भ जाँच, पूर्ण संस्थागत प्रसूति अभियानलाई थप प्रभावकारी बनाउन निःशुल्क र सुरक्षित प्रसूति सेवा विस्तार गरी आकस्मिक प्रसूति कोष स्थापनासहित पूर्व प्रसूति, प्रसूति

र उत्तरप्रसूति स्वास्थ्य सेवाको उपभोग अभिवृद्धि गरिनेछ। बर्थिङ सेन्टरबाट ३० मिनेटको दुरीभन्दा टाढा रहेका वडाका रणनैतिक स्थानमा बर्थिङ सेन्टर स्थापना वा स्थानान्तरण गरिनेछ।

७.१.५ गुणस्तरीय यौन तथा प्रजनन स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न स्वास्थ्य संस्थाहरूमा न्युनतम् सेवा मापदण्ड अनुसार सुरक्षित मातृत्व, परिवार नियोजन, सुरक्षित गर्भपतन तथा प्रजनन् स्वास्थ्य सेवाको सुनिश्चित गरिनेछ। प्रत्येक नागरिकको गर्भनिरोधक साधन प्रयोगको अधिकार सुनिश्चित गर्न सबै स्वास्थ्य संस्थाहरूमा परिवार नियोजनका ५ प्रकारका अस्थायी साधनहरूको उपलब्धता सुनिश्चित गरिनेछ।

७.१.६ लैङ्गिक हिंसाका घटनाबाट पीडितहरूको निःशुल्क उपचार गरिनेछ। लिङ्ग पहिचानको आधारमा गरिने गर्भपतनलाई पूर्ण रूपमा निषेध गरिनेछ।

७.१.७ विभिन्न वर्ग, जाति, धर्म तथा क्षेत्रमा सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्यको अवस्था विश्लेषण गरी आवश्यकताअनुसार परिवार योजना कार्यक्रम बनाई लागू गरिनेछ।

७.१.८ जेष्ठ नागरिक, अशक्त, द्वन्द्व पीडित, एकल महिला, कडा मानसिक समस्या भएका, बौद्धिक तथा शारीरिक अपाङ्गता भएका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, अति विपन्न आदिको स्वास्थ्य आवश्यकता पहिचान गरी निःशुल्क उपचार गरिनेछ।

७.१.९ अपाङ्गता भएका, अशक्तलगायत सबै नगरबासीले ३० मिनेटको यात्रामा आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने गरी स्वास्थ्य संस्थाहरू थप गरी निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाहरू प्रभावकारी रूपमा उपलब्ध गराइनेछ।

७.१.१० निःशुल्क उपलब्ध गरिने सबै प्रकारका औषधीहरू आवश्यकता अनुसार वर्गीकरण गरी नियमित उपलब्ध हुने वातावरण सिर्जना गरिनेछ र औषधी वितरणलाई नियमित अनुगमन र नियमन गरिनेछ।

७.१.११ स्वास्थ्य संस्था, खोप केन्द्र तथा गाउँघर क्लिनिकहरूमा भौतिक पूर्वाधार, औजार, उपकरण, जनशक्ति आदिको मापदण्डबमोजिम व्यवस्थापन गरिनेछ।

७.१.१२ सामाजिक, साँस्कृतिक तथा धार्मिक नेतृत्व (धाँमी, झाँक्री, लामा, गुरु, पुजारी, मौलानालगायत)लाई जनस्वास्थ्य अभियानहरूमा सहभागी गराई नकारात्मक परम्परागत अभ्यासहरूलाई निरुत्साहित गर्न स्वास्थ्य प्रवर्द्धन गर्ने र सर्ने तथा नसर्ने रोगका बारेमा क्षमता विकास गर्दै लगिनेछ । साथै स्वास्थ्य संस्थामा समयमा नै प्रेषण गर्न प्रोत्साहन गरिनेछ।

**नीति** ७.२ नगरबासीहरूको विशेषज्ञ स्वास्थ्य सेवाको पहुँचलाई सुनिश्चित गर्न न्युनतम् सेवा मापदण्ड लागू गर्दै नेपाल सरकार तथा लुम्बिनी प्रदेश सरकार मातहतका अस्पतालहरूसँगको सहकार्यमा स्वास्थ्य सेवाको विस्तार गरिनेछ।

७.२.१ सङ्घीय सरकार र लुम्बिनी प्रदेश सरकारसँग समन्वय गरी विशेषज्ञ तथा आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न सबै स्वास्थ्य संस्थाहरूमा न्युनतम् सेवा मापदण्ड अनिवार्य लागू गरिनेछ।

७.२.२ सङ्घीय सरकार र लुम्बिनी प्रदेश सरकार मातहतका अस्पतालहरूसँगको सहकार्यमा मापदण्ड अनुसारको सुबिधा सम्पन्न एम्बुलेन्स सेवासहित प्रेषण प्रणाली सुदृढ गरिनेछ।

७.२.३ सङ्घीय सरकार र लुम्बिनी प्रदेश सरकार मातहतका अस्पतालहरूसँगको सहकार्यमा रोल्पा अस्पतालसँगको सहकार्यमा स्थायी बन्ध्याकरण सेवा नियमित रूपमा उपलब्ध गराइनेछ।

७.२.४ रोल्पा अस्पताल र अन्य निजी स्वास्थ्य संस्थाहरूसँगको सहकार्यमा छाला रोग, स्त्री रोग तथा नसर्ने रोग, नाक, कान, घाँटी, दन्त, मानसिक र नेत्र चिकित्सालगायत अन्य सेवालाई विस्तार गरी उपचार गर्ने व्यवस्था मिलाइनेछ।

७.२.५ सङ्घीय सरकार र लुम्बिनी प्रदेश सरकार मातहतका अस्पतालहरूसँगको सहकार्यमा नगरपालिका क्षेत्रभित्र समय समयमा विशेषज्ञ सेवा सहितका स्वास्थ्य शिविरहरू सञ्चालन गरिनेछ।

७.२.६ नगरपालिका क्षेत्रभित्र रहेका सबै निजी स्वास्थ्य संस्था तथा क्लिनिक, औषधी व्यवसायीसँगको समन्वयमा आधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउन र विस्तारको लागि पहल गरिनेछ।

७.२.७ सार्वजनिक निजी साझेदारीमा समुदायस्तरसम्म प्रजनन् रुग्णता पहिचान तथा व्यवस्थापन अभियान सञ्चालनमा ल्याइनेछ।

७.३ नगरबासीलाई सकारात्मक जीवनशैली अपनाउन कर्तव्यबोध गराउँदै नसर्ने रोगको जोखिम कम गर्न र उपचार गर्नका लागि समुदायस्तरदेखि नै रणनैतिक व्यवस्थापन गरिनेछ।

७.३ १ स्वस्थ्य जीवनशैली, शारीरिक व्यायाम, उचित खानपान, नियमित स्वास्थ्य परीक्षणजस्ता स्वास्थ्य प्रर्वधनका क्रियाकलापहरू नियमित कार्यक्रममा समावेश गरी सञ्चालन गरिनेछ।

७.३.२ शरीर एवम् स्वास्थ्यलाई हानि पुऱ्याउने रासायनिक पदार्थ, विषादीयुक्त, मिसावटजन्य एवम् पत्रु खाना (जङ्क फुड), सूर्तिजन्य पदार्थ, लागु औषध, मदिरा सेवनजस्ता विकृति विरुद्ध अभियान सञ्चालन गरी नागरिकहरूमा चेतना अभिवृद्धि गरिनेछ।

७.३.३ सूर्तिजन्य पदार्थ, मादक पदार्थ, लागु औषध तथा अन्य स्वास्थ्यलाई हानि गर्ने वस्तुहरूको उत्पादन, विज्ञापन, बिक्री वितरण तथा उपभोग गर्ने कार्यलाई कानुन बनाई कार्यान्वयन गरिनेछ।

७.३.४ समयमै रोगको पहिचान गर्न नियमित तथा विशेष शिविरहरूमार्फत आवश्यक स्वास्थ्य संस्थाहरूमा स्क्रिनिङ सेवाहरू (Uterine Prolepses, Obstetrics Fistula, RFT, VIA, Diabetes, HTN, PAP smear) आदि सेवा उपलब्ध गराइनेछ।

७.३.५ Package of Essential non communicable Disease (PEN) कार्यक्रमलाई प्रभावकारी रूपमा लागू गरिनेछ।

७.३.६ नसर्ने रोगहरू, लागु औषध दुर्व्यसन, उच्च रक्तचाप, मधुमेह, मिर्गौला रोग, मुटुरोग, क्यान्सर, महिलामा हुने क्यान्सर, दम, मोटोपनाजस्ता नसर्ने रोगहरूको चेतना अभिवृद्धि, निदान, उपचार र व्यवस्थापन गर्न विशेष एकीकृत कार्यक्रम कार्यान्वयन गरिनेछ।

**नीति** ७.४ स्वास्थ्य सेवालाई सहज, सर्वसुलभ र प्रभावकारी बनाउन जनसङ्ख्या र भूगोलका आधारमा थप स्वास्थ्य संस्थाहरूस्थापना गरि स्वास्थ्य प्रणालीलाई थप प्रभावकारी गरिनेछ।

७.४.१ आधारभूत स्वास्थ्य सेवामा जनताको सहज पहुँच बढाउन सबै नागरिकले ३० मिनेटको यात्रामा आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने गरी थप स्वास्थ्य संस्था स्थापना गर्ने, औचित्यपूर्ण स्थानान्तरण गर्ने र तिनीहरूमा सेवाको विस्तार गर्ने व्यवस्था मिलाइनेछ।

७.४.२ नेपाल सरकार र लुम्बिनी प्रदेश सरकारसँग समन्वय गरी नगरपालिकामा अवस्थित लुम्बिनी प्रदेश सरकार मातहतको रोल्पा अस्पतालमा परिपूरक सहयोग उपलब्ध गराइनेछ।

७.४.३ राष्ट्रिय मापदण्डअनुसार प्रत्येक स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार, इन्टरनेट सेवा उपकरण, कर्मचारी आवासको क्रमागत रूपमा व्यवस्था गरिनेछ।

७.४.४ प्रभावकारी स्वास्थ्य सेवा प्रवर्द्धनका लागि नमुना वडा, नमुना स्वास्थ्य संस्था, नमुना अस्पतालहरूलाई हरेक वर्ष प्रोत्साहन गरिनेछ।

७.४.५ आपूर्ति व्यवस्थापन प्रणाली चुस्त राखी औषधी, खोप तथा अन्य स्वास्थ्य सामग्रीहरूको प्रक्षेपण, परिमाण निर्धारण, भण्डारण तथा स्थलगत निरीक्षण गरिनेछ। औषधीको गुणस्तर र मूल्य नियन्त्रण गर्नका लागि मूल्य तोक्नुका साथै नियमित अनुगमन र नियमनको व्यवस्था गरिनेछ।

७.४.६ नगरपालिकाभित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरूमा खानेपानी, बिजुली (वैकल्पिक ऊर्जासहित), मापदण्डअनुसार फोहोरमैला ब्यवस्थापन गर्ने व्यवस्था गरिनेछ।

७.४.७ सबै स्वास्थ्य संस्थालाई किशोर किशोरी मैत्री, अपाङ्गमैत्री बनाई सेवा प्रवाह गरिनेछ।

**नीति** ७.५ जनस्वास्थ्यको संरक्षण र प्रवर्द्धन गर्नका लागि प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनःस्थापनात्मक, प्रशामक सेवाको विकास तथा विस्तार गरी स्वास्थ्य सेवालाई जनताको सहज पहुँचमा पुर्‍याइनेछ।

७.५.१ अन्तर्राष्ट्रिय, राष्ट्रिय तथा प्रादेशिक लक्ष्य प्राप्त गर्न योगदानस्वरूप नगरपालिकाका हरेक वडाहरूमा हाल सञ्चालित मातृशिशु स्वास्थ्य, परिवार नियोजन, सुत्केरी पछिको परिवार नियोजन परामर्श सेवा, किशोरकिशोरी पोषणसँग सम्बन्धित कार्यक्रमलाई सहरी स्वास्थ्य केन्द्रहरू स्थापना गरी सेवा विस्तार गरिनेछ।

७.५.२ विद्यालय स्वास्थ्य संस्था साझेदारीमा विद्यालयमा नियमित स्वास्थ्य प्रवर्द्धन तथा प्रतिकारात्मक गतिविधि, प्राथमिक उपचार, किशोरकिशोरी यौन तथा प्रजनन् स्वास्थ्य शिक्षा कार्यक्रम जस्ता सेवा सञ्चालन गरिनेछ।

७.५.३ विद्यालयहरूमा प्राथमिक उपचार तथा परामर्श कक्ष स्थापना गरी विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रमलाई विद्यालय नर्स कार्यक्रमसँगको सामन्जस्यतामा प्रभावकारी बनाइनेछ।

७.५.४ मातृ मृत्युदर, नवजात शिशु मृत्युदर र बाल मृत्युदरजस्ता महत्त्वपूर्ण सूचकाङ्कहरूमा आधारित लक्ष्यहरू तय गरी स्वास्थ्य क्षेत्रको रणनैतिक योजना तयार गरी लागू गरिनेछ।

७.५.५ सहरी स्वास्थ्य केन्द्र तथा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरूबाट प्रवाह हुने सेवालाई अभिवृद्धि गरी सरसफाइ प्रवर्द्धन, स्वस्थ बानी व्यवहार प्रवर्द्धन केन्द्रको रूपमा विस्तार गरिनेछ। भौगोलिक रूपमा टाढा रहेका, स्वास्थ्य सेवाको पहुँचमा नसमेटिएका समुदायलाई स्वास्थ्य सम्बन्धी सूचना, सेवा पुर्‍याउन घुम्ती स्वास्थ्य क्लिनिकलाई व्यवस्थित रूपमा सञ्चालन गरिनेछ।

७.५.६ रणनैतिक स्थानमा प्रसूति केन्द्रहरू थप वा स्थानान्तरण गर्दै सञ्चालनका लागि मानव स्रोत तथा भौतिक साधन सम्पन्न गराइनेछ। प्रसूति केन्द्रहरूमा मातृशिशु आवास गृह तथा स्तरअनुसार नवजात शिशु कर्नरको सुविधा उपलब्ध गराइनुका साथै रोल्पा नगरपालिकाभित्र बसोबास गर्ने महिलाहरूको प्रसूति सेवाको लागि निःशूल्क एम्बुलेन्स सेवा उपलब्ध गराइनेछ।

७.५.७ नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापनलाई सुदृढ गर्दै प्रभावकारी कार्यान्वयन गरिनेछ। किशोरीहरूको रक्त अल्पताको नियमित परीक्षण तथा उपचार गरिनेछ।

७.५.८ अति विपन्न, असहाय, अशक्त, द्वन्द्व पीडित, एकल महिला, बौद्धिक तथा शारीरिक अपाङ्गता भएका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, जेष्ठ नागरिकहरूलाई न्यायोचित रूपमा सर्वसुलभ स्वास्थ्य सेवा तथा उपचारको कार्यक्रमलाई थप व्यवस्थित र विस्तार गर्दै लगिनेछ।

७.५.९ प्रत्येक व्यक्तिको प्रजनन् अधिकार सुनिश्चित गर्न सबै स्वास्थ्य संस्थाबाट बाँझोपनको स्क्रिनिङ्ग, निदान, रोकथाम, परामर्श र प्रेषण सेवा उपलब्ध गराइनेछ।

**नीति** ७.६ स्वास्थ्य संस्थाहरूको वैज्ञानिक तवरले सङ्गठनात्मक तथा व्यवस्थापन सर्वेक्षण गरी माग र आपूर्तिका आधारमा स्वास्थ्य जनशक्तिको उचित व्यवस्थापन गरिनेछ।

७.६.१ स्वास्थ्य संस्थाहरूमा चौबिसै घण्टा सेवा प्रवाह गर्न दक्ष प्रसूतिकर्मी तथा अन्य जनशक्तिको सुनिश्चितता गरिनेछ।

७.६.२ प्रादेशिक अस्पतालसँगको साझेदारीमा नगरपालिकाभित्र कार्यरत सम्पूर्ण स्वास्थ्यकर्मीहरूका लागि नियमित स्वास्थ्य शिक्षामार्फत सिकाइ आदानप्रदान गरिनेछ।

७.६.३ जवाफदेहीपूर्ण एवम् प्रभावकारी स्वास्थ्य सेवा प्रवाह गर्न मिश्रित दक्ष जनशक्तिको आवश्यकता पहिचान, उत्पादन, परिचालन गर्न तथा नगरपालिकाको विशिष्ट अवस्थामा कार्यरत चिकित्सक एवम् स्वास्थ्यकर्मीलाई टिकाउनका लागि प्रोत्साहन गरिनेछ।

७.६.४ स्वास्थ्य जनशक्तिको क्षमता अभिवृद्धिका लागि सेवाकालीन प्राविधिक तथा व्यवस्थापकीय क्षमता विकास तालिम, पेसागत वृत्तिविकास, छात्रवृत्ति तथा कार्य सम्पादनमा आधारित प्रोत्साहनलाई प्रवर्द्धन गरिनेछ।

७.६.५ स्वास्थ्य सेवा प्रवाहमा बाधा नपुऱ्याई स्वास्थ्य जनशक्तिको नियमित सिकाइ तथा क्षमता अभिवृद्धिका लागि सम्भाव्यताका आधारमा भर्चुअल विधिको उपयोग गरिनेछ।

७.६.६ सबै विद्यालयमा प्राथमिक उपचार, किशोरकिशोरी प्रजनन् स्वास्थ्य र पोषणजस्ता कार्यक्रमलाई थप प्रभावकारी बनाउन एक विद्यालय एक नर्स कार्यक्रम लागू गरिनेछ।

७.६.७ स्वास्थ्य सेवालाई नगरपालिकाको परिवेशअनुकूल तथा समयसापेक्ष बनाउन स्वास्थ्य संस्थाहरूको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी वैज्ञानिक आधारमा सङ्गठनात्मक संरचना तथा जनशक्तिको दरबन्दी परिमार्जन गर्ने व्यवस्था मिलाइनेछ।

७.६.८ आधारभूत स्वास्थ्य सेवालाई सर्वसुलभ बनाउनका लागि स्वास्थ्यकर्मी तथा महिला स्वयंसेविकालाई उत्प्रेरणासहितको तालिम दिई परिचालन गरिनेछ।

७.६.९ स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति र समितिका सदस्यहरूको क्षमता अभिवृद्धि गरी सशक्त एवम् जिम्मेवार बनाई सेवा सुदृढ गरिनेछ।

७.६.१० स्वास्थ्य जनशक्ति व्यवस्थापनका लागि सङघीय सरकार, प्रदेश सरकार एवम् प्रतिष्ठानहरूसँग समन्वय र सहकार्य गरिनेछ।

७.६.११ स्वास्थ्य आमा समूहको क्षमता अभिवृद्धिका लागि म.स्वा.से.सहित सम्बन्धित स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीको उपस्थिति सुनिश्चित गरिनेछ।

**नीति** ७.७ आयुर्वेद, प्राकृतिक चिकित्सा लगायत अन्य वैकल्पिक चिकित्सा पद्धतिलाई समेत प्रवर्द्धन र व्यवस्थित गरिनेछ।

७.७.१ जडीबुटी, आयुर्वेदिक औषधी तथा स्वास्थ्य सम्बन्धी विभिन्न स्थानीय परम्परागत ज्ञान, सीप र प्रविधिका बारेमा वैज्ञानिक अध्ययन गरी वैकल्पिक चिकित्सा पद्धतिको संरक्षण र प्रवर्द्धन गरिनेछ।

७.७.२ आवश्यकता र औचित्यका आधारमा विभिन्न स्थानमा जडीबुटीको व्यावसायिक खेती, सङ्कलन एवम् भण्डारणमा सरकारी र निजी साझेदारीलाई प्रोत्साहन गरिनेछ।

७.७.३ नगरपालिकामा वैकल्पिक चिकित्सा पद्धतिको विधिलाई क्रमशः एकद्वार प्रणालीमार्फत सेवा प्रवाह गरिनेछ।

७.७.४ नगरबासीलाई स्वस्थ आनीबानी र व्यवहार अपनाउँदै नियमित योग, ध्यान, व्यायाम गरी स्वस्थ रहन प्रोत्साहन गर्न र समयमै प्रेषण गराउन परम्परागत उपचार पद्धतिका सबै सेवा

प्रदायकहरूलाई अभिमुखीकरण गर्ने साथै परिचालन गर्ने नीति लिइनेछ।

**नीति** ७.८ स्वास्थ्य सेवा प्रणालीलाई सबल, सक्षम र सुदृढ बनाउन समयानुकूल प्रविधिमैत्री बनाउँदै लगिनेछ।

७.८.१ अस्पतालहरूसँगको साझेदारीमा दुर्गम अल्ट्रासाउण्ड, हटलाइन, टेलिमेडिसिनलगायतका सेवाहरू सञ्चालन गरी सेवालाई थप प्रभावकारी बनाइनेछ।

७.८.३ नगरपालिकाभित्रका सबै स्वास्थ्य संस्थाहरूमा न्युनतम् सेवा मापदण्ड लागू गरी सोहीअनुसारको स्वास्थ्य सेवा प्रवाहको सुनिश्चिता र अनुगमन गरिनेछ।

७.८.४ सबै स्वास्थ्य संस्थाहरूमा वैकल्पिक ऊर्जासहित निरन्तर इन्टरनेट उपलब्ध गराइनेछ।

७.८.५ नगरपालिकाभित्रका स्वास्थ्य संस्थाहरूबाट प्रवाह गरिने स्वास्थ्य सेवाहरू, आपूर्ति व्यवस्थापन प्रणाली, कर्मचारी हाजिरी, म.स्वा.से. कार्यक्रमको विद्युतीय अभिलेख तथा प्रतिवेदनलाई थप व्यवस्थित गरिनेछ।

**नीति** ७.९ स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी बनाउँदै नागरिकको स्वास्थ्योपचारमा पर्ने व्यक्तिगत व्ययभार कम गरिनेछ।

७.९.१ स्वास्थ्य बिमाको दायरा बढाई नगरपालिकाका सबै नागरिकलाई स्वास्थ्य बिमामा आबद्ध गराइनेछ।

७.९.२ सङ्घीय तथा प्रादेशिक सरकारसँगको समन्वयमा स्वास्थ्य बिमा कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै लगिनेछ।

७.९.३ अति विपन्न, द्वन्द्व पीडित, एकल महिला, असहाय, जेष्ठ नागरिक, महिला स्वास्थ्य स्वयंसेविका तथा लोपोन्मुख समुदायहरूलाई तोकिएको मापदण्डअनुसार निःशुल्क स्वास्थ्य बिमामा आबद्धता र नवीकरणको व्यवस्था गरिनेछ।

७.९.४ स्वास्थ्य बिमाबाट उपलब्ध हुने औषधीको निरन्तर उपलब्धताको सुनिश्चितता गरिनेछ।

**नीति** ७.१० सरकारी , निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्न प्रभावकारी समन्वय, सहकार्य, अनुगमन तथा नियमन गर्ने व्यवस्था मिलाइनेछ।

७.१०.१ नगरपालिका क्षेत्रका निजी स्वास्थ्य संस्था (एलोपेथिक, आयुर्वेदिक, प्राकृतिक तथा अन्य वैकल्पिक सेवा) निदानात्मक सेवा, प्रयोगशाला सेवा, थेरापी सेवाप्रदायक संस्थाहरूका लागि कानुन, मापदण्ड, निर्देशिकाअनुसार सञ्चालन अनुमति दिई नियमन गर्ने व्यवस्था मिलाइनेछ।

७.१०.२ निजी स्वास्थ्य संस्थाहरूमार्फत समेत स्वास्थ्य प्रवर्द्धन, अनुगमन तथा क्षमता अभिवृद्धिजस्ता कार्यक्रम सञ्चालन गरिनेछ।

७.१०.४ स्वास्थ्य क्षेत्रमा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई प्रभावकारी बनाइनुका साथै सहकार्य तथा साझेदारी गर्न प्रोत्साहन गरिनेछ।

७.१०.५ निजी स्वास्थ्य संस्था, फार्मेसी, क्लिनिकहरूले बहन गर्नुपर्ने सामाजिक उत्तरदायित्वको बोध तथा पालना गराई अति विपन्न, असहाय, अशक्त, एकल महिला, द्वन्द्व पीडित, लैङ्गिक हिंसामा परेका, अपाङ्गता भएका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, बेवारिसे, ज्येष्ठ नागरिक, अलपत्र अवस्थाका बालबालिका, मानसिक समस्या भई सडकमै रहेका आदिको निःशुल्क स्वास्थ्य सेवामा लगाउन प्रोत्साहन गरिनेछ।

**नीति** ७.११ कीटजन्य, सङ्क्रामकलगायतका रोगहरूको रोकथाम, नियन्त्रण, निवारण र महामारी नियन्त्रण तथा स्वास्थ्य सङ्कट एवम् विपद् व्यवस्थापनका लागि साझेदार निकायहरूसँगको समन्वयमा योजना बनाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

७.११.१ नगरपालिकामा स्वास्थ्य सङ्कट एवम् विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना बनाई कार्यान्वयन गरिनेछ।

७.११.२ वडास्थित स्वास्थ्य संस्थाहरूमा क्रमशः प्रयोगशाला सेवा विस्तार गर्दै लगिनेछ।

७.११.३ नगरपालिका तथा वडास्तरीय द्रूत प्रतिकार्य टोली तथा अन्य उद्धार टोलीसँग समन्वय गर्दै आवश्यकताअनुसार परिचालन गरिनेछ।

७.११.४ प्राकृतिक प्रकोप, महामारी र सडक दुर्घटनाजस्ता आकस्मिक स्वास्थ्य सेवालाई तत्काल उपचारको व्यवस्था गरिनेछ र नगरपालिकाभित्रका रणनीतिक स्थानहरूमा आकस्मिक स्वास्थ्य अवस्थामा आवश्यक पर्ने औषधी, उपकरण तथा अन्य सामग्री जगेडाका रूपमा राखिनेछ।

७.११.५ आकस्मिक स्वास्थ्य अवस्थामा परी सङ्कटमा रहेका गर्भवती, सुत्केरी, अपाङ्ग, एकल महिला, द्वन्द्व पीडित, दीर्घ रोगी, जेष्ठ नागरिकको प्रभावकारी प्रेषणको माध्यमबाट सेवा प्रवाह गर्न सम्बन्धित निकायसँग समन्वय गरिनेछ।

७.११.६ सङ्क्रामक रोगहरूको रोकथाम, नियन्त्रण र निवारणसम्बन्धी कार्यक्रम कार्यान्वयनको अनुगमन गरी सोको प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

७.११.७ समयमै रोगको पहिचान गर्न नियमित तथा विशेष शिविरहरूमार्फत स्वास्थ्य संस्थाहरूमा

स्क्रिनिङ सेवाहरू सञ्चालन गरिनेछ।

७.११.८ खोपबाट गर्न सकिने रोगहरूको रोकथाम नियन्त्रण तथा निवारणका लागि निगरानी कार्य गरी नगरपालिकालाई पूर्ण खोप सुनिश्चित नगरपालिका घोषणा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७.११.९ सर्पदंश, रेबिजलगायत कीटजन्य रोगहरू जस्तै मलेरिया, डेंगु, कालाजार, हात्तीपाइले, स्क्रब टाइफस, क्षयरोग, कुष्ठरोग आदि रोगहरूको रोकथाम, नियन्त्रण र उपचारको लागि सेवा विस्तार गरिनेछ। क्षयरोगमुक्त नगरपालिका अभियान सञ्चालनमा ल्याइनेछ।

७.११.१० खुला दिशामुक्त गाउँ नगरलाई कायम राखिनेछ। शुद्ध पिउने पानीको उपलब्धता गराइनेछ साथै उपभोक्तामा जनचेतना जारी राखिनेछ।

**नीति** ७.१२ मानसिक स्वास्थ्य सेवामा सबैको सहज, सुलभ, समावेशी र समान पहुँच सुनिश्चत गर्न मानसिक स्वास्थ्य तथा मनोसामाजिक परामर्श सेवालाई आधारभूत स्वास्थ्य सेवामा एकीकृत गरी विशिष्टिकृत मानसिक स्वास्थ्य सेवालाई व्यवस्थित रूपमा उपलब्ध गराइनेछ।

७.१२.१ बढ्दो नैराश्य तथा मानसिक रोगलाई न्यूनिकरण गर्न  र आत्महत्याको न्यूनिकरणका उपायहरूलाई नेपाल प्रहरीलगायत सरोकारवाला निकायसँगको समन्वयमा अभियान सञ्चालन गरी कार्यान्वयनमा ल्याइनेछ ।।

७.१२.२ स्वास्थ्यकर्मीलाई मानसिक रोग तथा मनोसामाजिक परामर्श सेवाको लागि तालिमको व्यवस्था गरिनेछ।

७.१२.३. मानसिक रोगीहरूको उपचारका लागि आवश्यक पर्ने प्राथमिक मानसिक स्वास्थ्य सेवा, परामर्श सेवा उपलब्ध गराउन सबै स्वास्थ्य संस्थाहरूमा परामर्श कक्ष स्थापना गरिनेछ।

७.१२.४ स्वास्थ्य संस्थाहरूबाट मानसिक रोगको उपचारका लागि आवश्यक विशेषज्ञ सेवा र औषधी निशुल्क उपलब्ध गराइनेछ । निश्चित स्थान र समयमा विशेषज्ञ मानसिक स्वास्थ्य सेवा शिविर सञ्चालन गरिनेछ।

७.१२.५. मानसिक स्वास्थ्य सेवालाई प्रभावकारी वनाउन सरकारी, गैरसरकारी तथा निजी क्षेत्रबिच प्रभावकारी समन्वय र सहकार्य गरिनेछ।

**नीति** ७.१३ स्वास्थ्य क्षेत्रमा नगरपालिकाको लगानी वृद्धि गर्दै सङ्घ, प्रदेश तथा अन्य क्षेत्रको लगानीलाई व्यवस्थित गरी स्वास्थ्य सेवामा जनताले व्यक्तिगत खर्च गर्नुपर्ने अवस्थालाई न्यूनिकरण गर्दै लगिनेछ।

७.१३.१ नगरपालिकाको कुल बजेटको कम्तीमा १५ प्रतिशत बजेट स्वास्थ्य क्षेत्रका लागि सुनिश्चित गरी सो बजेटमा क्रमशः वृद्धि गर्दै लगिनेछ।

७.१३.२ सबै किसिमको अपाङ्गता भएका व्यक्तिहरूका लागि स्वास्थ्य आवश्यकता तथा यौन तथा प्रजनन् स्वास्थ्य अधिकारअनुसार निःशुल्क उपचार, साधन तथा सहयोगी सामग्रीको व्यवस्था मिलाइनेछ।

७.१३.३. प्रेषण प्रणालीलाई व्यवस्थित बनाई उपचारका लागि अन्यत्र प्रेषण भएका बिरामीहरूको सहजीकरण र व्यवस्थापन गरिनेछ।

७.१३.४ एकल महिला, द्वन्द्व पीडित, लैङ्गिक हिंसामा परेका, बेवारिसे, ज्येष्ठ नागरिक, अलपत्र अवस्थाका बालबालिका, मानसिक समस्या भई सडकमै रहेका असहाय व्यक्तिहरूलाई अल्पकालीन स्वास्थ्य व्यवस्थापन एवमृ हेरचाहका लागि निजी-सरकारी सहकार्यमा नगरपालिका पुनःस्थापना केन्द्र स्थापना एवम् सञ्चालन गरिनेछ।

७.१३.५ सङ्घ तथा प्रदेश अस्पतालसँग समन्वय गरी आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न न्युनतम् मापदण्ड अनुसारको एम्बुलेन्स सेवासहित प्रेषण प्रणाली सुदृढ गरिनेछ।

७.१३.६ महिनावारी भएका वेला छात्राहरूको विद्यालय उपस्थितिलाई निरन्तरता दिन निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रमलाइ निरन्तरता गरिनेछ।

७.१३.७ स्वास्थ्य संस्थामा आउने महिला सेवाग्राहीहरूको लागी निःशुल्क सेनिटरी प्याड वितरणको व्यवस्था गरिनेछ।

७.१३.८ एकल महिला, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौन अल्पसङ्ख्यक, एच.आइ.भी. तथा एड्स भएका व्यक्ति, द्वन्द्व पीडित, अति गरिब, असहाय, द्वन्द्व पीडित, अल्पसङ्ख्यक जातिलाई नगरपालिकाले परिचयपत्र प्रदान गरी सम्पूर्ण स्वास्थ्य सेवा निःशुल्क गरिनेछ।

७.१३.९ सङ्घ तथा प्रदेश साथै सार्वजनिक निजी साझेदारीमा अति विपन्न, असहाय बिरामी साथै तिनका हेरालुलाई स्वास्थ्य चक्रिय कोष स्थापना गरी सहयोग गरिनेछ।

**नीति** ७.१४. स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वास्थ्य सेवालाई गुणस्तरीय, जनमुखी एवम् परिणाममुखी बनाउँदै लगिनेछ ।

७.१४.१ स्वास्थ्य सेवाप्रदायक व्यक्ति र संस्थाहरूको सुरक्षाको लागि प्रचलित कानुनी व्यवस्थालाई नगरपालिकाभरि प्रभावकारी रूपमा लागू गरिनेछ।

७.१४.२ स्वास्थ्य पूर्वाधार निर्माणमा हुने ढिलासुस्ती तथा गुणस्तरहीन कार्यलाई निरुत्साहित

गरिनेछ। स्वास्थ्यकर्मीलाई आफ्नो काम, कर्तव्यप्रति जवाफदेही बनाइनेछ।

७.१४.३. स्वास्थ्य सुशासन कायम गर्नका लागि नागरिक बडापत्रको व्यवस्था गरिनुका साथै सेवाप्रवाहमा सेवाग्राहीहरूको गुनासो तथा पृष्ठपोषण सङ्कलन गरी सम्बोधन गर्ने प्रणालीको विकास गरिनेछ। प्रत्येक वर्ष सबै स्वास्थ्य संस्था र नगरपालिकाको सेवाको प्रगति विवरण सार्वजनिकीकरण गर्ने सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ गराइनेछ।

७.१४.४ स्वास्थ्यसँग सम्बन्धित राष्ट्रिय र अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घसंस्था तथा दातृ निकायहरूलाई जनतामुखी र परिणाममुखी कार्य गर्नका लागि उत्प्रेरित गरिनेछ।

७.१४.५ नगरपालिकाभित्रका नागरिकलाई स्वास्थ्य सम्बन्धी सूचनाको हक तथा सेवाग्राहीले उपचारसम्बन्धी जानकारी पाउने हक सुरक्षित गर्न सूचना तथा सञ्चार कार्यलाई प्रभावकारी कार्यान्वयन गरिनेछ।

७.१४.६ स्वास्थ्य संस्थामा कार्यरत जनशक्तिहरू लाई समय सापेक्ष तालिमको व्यवस्था मिलाइने छ र स्वास्थ्य सेवाको जोखिमलाई मध्यनजर गरी थप सुविधा प्रदान गरिनेछ।

७.१४.६ स्वास्थ्य सेवा लिएका सेवाग्राहीहरूलाई प्रदान गरिएको स्वास्थ्य सेवाको जानकारी गोपनीयता कायम गरी उपलब्ध गराइनेछ।

**नीति** ७.१५ स्थानीय स्तरमा उत्पादन हुने (रैथाने) खाद्यवस्तुलाई प्रवर्द्धन गर्दै नगरबासीको पोषण अवस्था सुधार गर्न गुणस्तरीय, स्वास्थ्यबर्द्धक र पौष्टिक खानाको पहुँच र उपभोगमा वृद्धि गरिनेछ।

७.१५.१ खाद्य विविधीकरणमा जोड दिँदै पोषण व्यवहार परिवर्तन गर्ने तथा अर्गानिक तथा पोषणयुक्त खाद्यवस्तुको उत्पादन वृद्धि गर्न, हरितगृह तथा प्रत्येक परिवारमा सुधारिएको करेसाबारी निर्माण गर्न र खानामा विविधीकरण गरी उपभोग गर्न प्रोत्साहित गरिनेछ। पत्रु खानालाई निरुत्साहित गर्नेसम्बन्धी कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गरिनेछ।

७.१५.२ आमाको दुधलाई प्रतिस्थापन गर्ने खाद्यवस्तुको उत्पादन, बिक्रि तथा वितरणलाई कानुनबमोजिम नियमन गरिनेछ।

७.१५.३ पोषणयुक्त बालपौष्टिक आहार, दिवा खाजालगायतका अन्य खाद्यपदार्थ उत्पादनका लागि प्रोत्साहन गरिनेछ र सोको गुणस्तर कायम गर्ने प्रावधान बनाइनेछ।

७.१५.४ वडा समितिहरूसँग समन्वय र सहकार्य गरी स्थानीय स्तरमा उपलब्ध पौष्टिक तत्त्वयुक्त खाद्यपदार्थ उपयोग गर्नका लागि उत्प्रेरित गरिनेछ। यस्ता खाद्यपदार्थ प्रशोधन तथा

बजारीकरणका लागि साना किसान र व्यवसायी अनुदान कार्यक्रम सञ्चालन गरिनेछ।

७.१५.५ बहुक्षेत्रीय पोषण कार्यक्रम, एकीकृत शीघ्र कुपोषण व्यवस्थापन कार्यक्रमलगायत पोषणसम्बन्धी कार्यक्रम विस्तार, परिष्कृत एवम् प्रभावकारी बनाइनेछ । स्वास्थ्य संस्थाहरूसँगको सहकार्यमा पोषण पुनःस्थापना केन्द्रहरू स्थापना गरिनेछ।

७.१५.६ स्थानीय बजारमा खाद्यपदार्थमा मिसावट र अखाद्य पदार्थ नियन्त्रण गरिनेछ। स्वस्थ मासु तथा दुध उत्पादन बिक्री वितरणका लागि नियमन गरिनेछ। कुनै पनि तयारी खाने कुराहरूमा अनिवार्य लेवलिङको व्यवस्था गरिनेछ।

७.१५.७ पोषणमैत्री नगरपालिका घोषणा गर्ने कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

७.१५.८ नगरपालिकाअन्तर्गत सबै स्वास्थ्य संस्थाहरू तथा कार्यालयहरूमा स्तनपान कक्षको स्थापना गरी नियमित सञ्चालनमा ल्याइनेछ।

७.१५.९ क्षयरोगी, कुष्ठरोगी, एच.आइ.भी. सङ्क्रमितहरू तथा कडा रोगीहरूलाई पोषण अवस्था सुधार गर्न विशेष कार्यक्रम ल्याइनेछ।

**नीति** ७.१६ फोहरमैलाको उचित व्यवस्थापन, वातावरणीय स्वास्थ्य सरसफाइ प्रवर्द्धन गरी जनस्वास्थ्यमा पर्ने प्रतिकूल असरहरूलाई न्यूनिकरण गर्दै लगिनेछ।

७.१६.१ व्यक्तिगत, घर, समुदाय, विद्यालय, सार्वजनिक सेवा प्रदायक संस्थाहरूबाट निस्कने स्वास्थ्यजन्य वा अन्य फोहोरले वातावरणमा पार्ने असरका बारेमा जनचेतना अभिवृद्धि गरी उचित व्यवस्थापन तथा बिसर्जनसम्बन्धी जनचेतना अभियान लागू गरिनेछ।

७.१६.२ नगरपालिकाभित्र समुदाय, स्वास्थ्य संस्थाहरू तथा सबै विद्यालयहरूमा स्वच्छ खानेपानीको व्यवस्था गरिनेछ।

७.१६.३ समुदायमा वितरण गरिएको खानेपानी तथा व्यावसायिक रूपमा उपलब्ध खानेपानीको प्रत्येक वर्ष गुणस्तर परीक्षण र निगरानी गरिनेछ।

७.१६.४ वडा समितिहरूसँग समन्वय र सहकार्य गरी घर, समुदाय, बजार तथा स्वास्थ्य संस्थाको फोहोरको उचित व्यवस्थापन गरिनेछ।

७.१६.५ वडा समितिहरूसँग समन्वय र सहकार्य गरी वातावरणमा असर गर्ने धुलो, धुवाँ, ध्वनि प्रदूषण नियन्त्रण गरिनेछ।

७.१६.६ वडा समितिहरूसँग समन्वय र सहकार्य गरी खुला दिसामुक्त नगरपालिकाबाट पूर्ण

सरसफाइयुक्त नगरपालिका बनाइनेछ र सोको दीगोपनको रणनीति तयार गरी कार्यान्वयन गरिनेछ।

७.१६.७ नगरपालिकाभित्र खानेपानी, हावा, ध्वनिको प्रदूषणको अवस्था तथा गुणस्तरको मापदण्ड निर्धारण, कार्यान्वयन र नियमन गरिनेछ।

७.१६.८ जलवायु परिवर्तन, मौसम परिवर्तन, काम र कार्यस्थलका कारणले स्वास्थ्यमा पर्ने हानिबाट बचाउन सरकारी तथा निजी सबै क्षेत्रहरूसँग समन्वय गरी स्वास्थ्य सचेतनासम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ

७.१६.९ स्वास्थ्य संस्थाजन्य फोहोरको व्यवस्थापन तथा बिसर्जनसम्बन्धी मापदण्ड बनाई नगरपालिका स्तरमा प्रभावकारी रूपमा लागू गरिनेछ।

७.१६.१० न्यायोचित स्वास्थ्य सेवा प्रवाहका लागि जनसाङ्ख्यिक स्थिति र वितरणका आधारमा कार्यक्रमहरू कार्यान्वयन गरिनेछ।

७.१६.११ खानेपानी सुरक्षा योजना नभएका आयोजनाहरूमा खानेपानी सुरक्षा योजना लागू गरी कार्यान्वयन गरिनेछ।

**नीति** ७.१७. स्वास्थ्य सूचना प्रणालीको सुदृढीकरण र स्वास्थ्य अनुसन्धान प्रवर्द्धन गर्दै सोबाट प्राप्त निष्कर्षका आधारमा स्वास्थ्य क्षेत्रको नीति, रणनीति र योजनालाई थप परिमार्जन गर्दै लगिनेछ।

७.१७.१ नगरपालिकाभित्र स्वास्थ्य सूचना प्रणालीलाई विद्युतीय प्रणालीमा व्यवस्थित गर्दै लगिनेछ। निजी तथा सङ्घसंस्थाहरूद्वारा सञ्चालित स्वास्थ्य सेवाको अभिलेख तथा प्रतिवेदनलाई नगरपालिकाको सूचना प्रणालीमा एकीकृत गरी व्यवथित गरिनेछ।

७.१७.२ नगरपालिकाको एकीकृत स्वास्थ्य सूचना प्रणालीमा सूचनाको शुद्धता, समयबद्धता र पूर्णतामा निगरानी गरी अपाङ्गमैत्री र गुणस्तरीय बनाइनेछ।

७.१७.३ स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी, जनस्वास्थ्यका अनुसन्धानकर्तालाई प्रोत्साहित गर्न उत्कृष्ट अनुसन्धानकर्ता एवम् संस्थालाई वार्षिक रूपमा अनुदान उपलब्ध गराइनेछ।

७.१७.४ नगरपालिकामा स्वास्थ्य सूचना प्रणाली तथा अनुसन्धानबाट आएका निष्कर्ष तथा राष्ट्रिय प्रतिबद्धतालाई योजनामा समावेश गरी कार्यान्वयन गरिनेछ।

७.१७.५ स्वास्थ्य सूचना प्रणालीलाई थप सुदृढीकरण गरी तथ्यमा आधारित योजना तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

७.१७.६ सार्वजनिक, निजी तथा सङ्घसंस्थाद्वारा संचालित स्वास्थ्य संस्था स्तरबाट गरिने मासिक प्रतिवेदनको गुणस्तर सुधारका लागि पालिकास्तरीय पृष्ठपोषणकर्ता तथा स्थलगत अनुशिक्षण गरिनेछ।

७.१७.७ नगरपालिकाको स्वास्थ्य क्षेत्रको वार्षिक प्रगति प्रतिवेदन र पारिवारिक स्वास्थ्य पार्श्वचित्र प्रकाशन गरी योजना तथा बजेट प्रक्रियामा उपयोग गरिनेछ।

## ८. संस्थागत व्यवस्था

८.१ नगरपालिकाको स्वास्थ्य नीति कार्यान्वयनका लागि नेपालको संविधान र सङ्घीय संरचनाअनुरूप यस नीतिले परिकल्पना गरेअनुसार नगरपालिकाको स्वास्थ्य संरचनालाई नेपाल सरकार र प्रदेश सरकारसँगको समन्वयमा नगरस्तरीय स्वास्थ्य प्रणालीको विकास र विस्तार गरिनेछ।

८.२ नगरपालिकाको नेतृत्वमा नगरस्तरमा स्वास्थ्य शाखा, समिति तथा उपसमितिहरू रहनेछन् भने स्वास्थ्य सेवाप्रदायकका रूपमा विभिन्न निजी, सरकारी तथा सामुदायिक स्वास्थ्य संस्थाहरू र स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिहरू रहनेछन्।

८.३ यस नीतिले परिकल्पना गरेअनुसार स्वास्थ्य सम्बन्धी कार्यक्रमहरू नीतिगत र कानुनी मर्यादाभित्र रही गरी लागू गरिनेछ।

८.४ यस नीतिको विस्तृत कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ।

८.५ मानव संसाधन विकासका लागि प्रदेश सरकार, प्रदेश लोकसेवा, स्वास्थ्य प्रतिष्ठान वा मेडिकल कलेज र अन्य स्वास्थ्य जनशक्ति उत्पादन गर्ने निकायहरूसँग समन्वय गरी संस्थागत क्षमता सुदृढ गरिनेछ।

## ९. वित्तीय व्यवस्थापन

९.१ नगरस्तरीय आधारभूत स्वास्थ्य सेवा सञ्चालन तथा व्यवस्थापनका लागि देहाय बमोजिमको वित्तिय व्यवस्थापन अवलम्बन गरिने छ :

९.१.१ सङ्घीय सरकार, प्रदेश सरकार र नगरपालिकाबाट विनियोजित बजेट।

९.१.२ निजी, गैरसरकारी तथा साझेदार संस्थाबाट प्राप्त सहयोग।

९.१.३ नगरपालिकामा सङ्कलित स्थानीय राजस्व।

९.२ यस नीतिमा रहेका उद्देश्यहरू हासिल गर्न नगरपालिकाका सबै शाखाहरूको कार्यक्रम तथा बजेटमा तालमेल मिलाई सबै नीतिमा स्वास्थ्य क्षेत्र सुधारको अवधारणालाई प्राथमिकता दिइनेछ। नेपाल सरकार र प्रदेश सरकारको नियमित वार्षिक कार्यक्रममार्फत यस नीतिले अवलम्बन गरेका रणनीति तथा कार्यनीतिहरू सम्बोधन गराउन पहल गरिनेछ। यस नीतिको प्राथमिकताअनुसार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विकास साझेदारहरू, संयुक्त राष्ट्र सङ्घीय निकायहरू, गैरसरकारी संस्थाहरू र निजी क्षेत्रसँग समेत समन्वय, सहकार्य र साझेदारी गरी आवश्यक स्रोत व्यवस्थापन गर्न पहल गरिनेछ।

## १०. अनुगमन र मूल्याङ्कन

यस नीति कार्यान्वयनका क्रममा अनुगमन गर्ने र अपेक्षित नतिजा र प्रतिफल प्राप्तिको मूल्याङ्कन गर्ने दायित्व नगरपालिकाको हुनेछ। यसका लागि सामाजिक विकास समिति, स्वास्थ्य अनुगमन, मुल्याङ्कन, सुपेरीवेक्षण तथा गुणस्तर सुनिश्चितता समिति, स्वास्थ्य समिति, स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिहरूको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ। पालिकास्तर, स्वास्थ्य संस्था स्तरदेखि समुदाय स्तरसम्म सञ्चालन हुने सेवा तथा कार्यक्रमहरूको प्राविधिक तथा व्यवस्थापकीय अनुगमन, मूल्याङ्कन तथा सहयोगी सुपेरीवेक्षण गरिनेछ।

राष्ट्रिय योजना आयोगले तर्जुमा गरेको नतिजामा आधारित अनुगमन मूल्याङ्कन ढाँचा तथा नेपाल सरकारले कार्यान्वयनमा ल्याएको अनुगमन तथा मूल्याङ्कन प्रणाली समेतलाई मध्यनजर गरी नगरपालिकाले वडा समितिहरू एवम् अन्य सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा सहभागितामूलक अनुगमन, मूल्याङ्कन तथा सुपरीवेक्षण प्रणालीको विकास गर्नेछ। स्वास्थ्य कार्यक्रमलाई थप प्रभावकारी बनाउन उपयुक्त संयन्त्र निर्माण गरी अनुगमन, मूल्याङ्कन तथा सुपरीवेक्षण प्रणालीलाई नियमित, प्रभावकारी र सहज बनाइनेछ। कम्तीमा प्रत्येक दुई वर्षमा यस नीतिको समीक्षा गरी आवश्यकताअनुसार संशोधन गर्दै लगिनेछ।

नेपाल सरकार, प्रदेश सरकार तथा जिल्लास्तरीय अनुगमन तथा सुपरीवेक्षण समितिबाट गाउँपीलकाले गरेका समग्र स्वास्थ्य अवस्थाको बारेमा अनुगमन, मुल्याङ्कन तथा सुपरीवेक्षण गरी आवश्यक पृष्ठपोषण तथा निर्देशन गर्न सक्नेछ।

## ११. नीति कार्यान्वयनको कार्ययोजना

नीति कार्यान्वयनका लागि स्वास्थ्य रणनीति, योजना र कार्यक्रम निर्माण गरी कार्यान्वयनमा लगिनेछ। स्वास्थ्यसँग सम्बन्धित कानुन तथा अन्तर्राष्ट्रिय स्तरमा नेपालले गरेका प्रतिबद्धताको अधीनमा रही नीति कार्यान्वयनको कार्ययोजना बनाइनेछ। यही कार्ययोजनाअनुसार वार्षिक योजना तथा कार्यक्रम र बजेट निर्माण गरी कार्यान्वयन गरिनेछ। वार्षिक रूपमा कार्ययोजना कार्यान्वयनको

समीक्षा गरी पुनरावलोकन गरिनेछ।

१२. **जोखिम**

मौलिक अधिकारका रूपमा स्थापित भएको आधारभूत स्वास्थ्य सेवालाई सुदृढ एवम् सक्षम स्वास्थ्य प्रणालीमार्फत समतामूलक गुणस्तरीय सेवा प्रदान गर्न आवश्यक पर्ने स्रोत, साधनको व्यवस्थापन एवम् समन्वय हुन नसकेमा कार्यान्वयनमा कठिनाइ भई यस नीति तथा रणनीतिले अपेक्षा गरेका नतिजाहरू प्राप्तिमा जोखिम हुन सक्ने आँकलन गर्न सकिन्छ।

१३. **खारेजी**

रोल्पा नगरपालिकाको पहिलो स्वास्थ्य तथा सरसफाइ नीति भएकाले खारेज गर्नु नपर्ने।

भाषा सम्पादन: डी.बी. घर्तिमगार